


कोप

विपद्को लागि तयार रहौं ।

# पहिरो

मार्था केस्विक

मारिको जेस्सी

तिमोथी सिम

## प्राकृतिक जोखिम तथा विपद् के हुन् ?

यी भनेका भूकम्प, सुनामी, बाढी, पहिरो, उष्णक्षेत्रीय आँधी (साथै अन्य आँधी पनि), समुद्री तुफान, लू, डढेलो, खडेरी र ज्वालामुखी जस्ता प्राकृतिक गतिविधि हुन्, जुन सामान्य चेतावनी सहित जहाँ पनि उत्पन्न हुन सक्छन् ।

यी प्राकृतिक जोखिमले मानिस तथा वातावरणलाई खतरा उत्पन्न गर्न थालेपछि भने विभिन्न विपद्को सुरुवात हुन थाल्छ जसले समुदायमा विध्वंश उत्पन्न गर्न सक्छ ।

## पहिरो के हो ?

पृथ्वीको सतहको तल्लो तहबाट छुट्टिएर माथिको कुनै ठूलो भाग, चट्टान वा अन्य वस्तु तलतिर बग्दै जानु हो । भिषण वर्षा, भूकम्प तथा मानवीय क्रियाकलापले पहिरो उत्पन्न गराउन सक्छ । ज्वालामुखीका क्षेत्र, पहाड तथा मानिसले बनाएका भिरालो जमिन सम्भावित पहिरोका क्षेत्रहरु हुन् । पहिरो असाध्यै खतरनाक पनि हुन सक्छन् किनभने यसबाट नदी थुनिने, बाटोमा परेका सबैलाई बगाउने वा पूरै बस्ति नै ढाकिने पनि हुन सक्छ ।

विश्व मौसम संगठनले पहिरो जान सक्ने सम्भावित अवस्थाको सही अनुमान गरी यसको सूचना समय मै दिनका लागि विभिन्न देशलाई सहयोग गर्दछ ।

**पहिरोको लागि कसरी तयारी अवस्थामा रहने भन्ने बारेमा कोपले सिकाउँछ ।**





कोप

विपद्को लागि तयार रहौं - पहिरो

Copyright © 2021 Martha Keswick,
Mariko Jesse & Timothy Sim.
All rights reserved.

ISBN 978-988-8470-98-3

AUTHOR Martha Keswick
ILLUSTRATOR Mariko Jesse
EDITOR Timothy Sim

DESIGNER Reita Wong
PROJECT MANAGER Christine Messervy

Published in Hong Kong by
PPP Company Limited

Printed in Hong Kong by
Suncolor Printing Company Limited

www.cope-disaster-champions.com

COPEdisasterchampions

Special thanks to:
Professor Alexander Densmore

COPE LANDSLIDES COLLABORATOR

World Vision

SCIENTIFIC ADVISORS

WORLD METEOROLOGICAL ORGANIZATION

香港天文台
HONG KONG OBSERVATORY

कोप

विपद्को लागि तयार रहौं ।

# पहिरो



मार्था केस्विक

मारिको जेस्सी, तिमोथी सिम

## बडीगुरुमा फू को हुन् ?


बडीगुरुमा फू चिनीयाँ मार्शलआर्टको गुरु तथा माउन्ट इमेइ उशु विद्यालयका संस्थापक हुनुहुन्छ जसलाई शिफू पनि भनिन्छ । उँहा कडा र अनुशासित हुनुहुन्छ तर पनि उहाँको हृदय विशाल छ । मे २००८ मा वेन्चुआनमा आएको भूकम्पमा विद्यालय भत्किँदा उहाँले झण्डै नै ज्यान गुमाउनुपरेको थियो । त्यसपछि भने उहाँ विपद्को जोखिम न्यूनीकरण गर्ने कार्यमा समर्पित हुनुहुन्छ ।



## कोप एकेडेमी के हो ?



बडीगुरुमा फूद्वारा स्थापित तथा चीनको सिचुआन प्रान्तमा गुप्त अवस्थामा रहेको यो एक अन्तर्राष्ट्रिय विपद् केन्द्र हो । कोप टोलीका सदस्यहरु - क्याण्डी, ओल्लि, पिङ्ग र एड्डि किशोरावस्थाका अनाथहरु हुन् । उनीहरुलाई विपद् जोखिम न्यूनीकरण प्रतिनिधिका रुपमा प्रशिक्षित गर्न विभिन्न अनाथाश्रमबाट ल्याइएको हो ।



## सेन्स

साँप

एउटा सुन्दर २५ वर्षीय अजिङ्गर । सेन्समा विपद्बारे अनुमान गर्न सक्ने विशेष खुबी छ । बडीगुरुमा फू महिनै पिच्छे सेन्सलाई मुसा खुवाउनुहुन्छ ।

## रेस्क्यु

कुकुर

कुन्मिङ्को ब्वाँसो प्रजातिको ठूलो ८ वर्षीय कुकुर । रेस्क्युले विपद्का बेला हराएका मानिस खोज्ने गर्छ । उसलाई मन पर्ने काम भनेको झिँगा पक्रनु हो ।



# कोप टोली



## क्याण्डी

सबैको हेरचाह गर्ने

दक्षिणी अफ्रिकाकी १२ वर्षीय केटी क्याण्डी बलियो, दयालु अनि जीवन्त छिन् र उनी ड्रम बाजा बजाउन तथा लुकामारी खेल्न मन पराउँछिन् । उनको भूमिका भनेको विपदका बेला केटाकेटी, वृद्ध वा असहाय जस्ता जोखिममा रहेका मानिसको हेरचाह गर्नु हो ।

विपद अनुभव : डढेलो



## ओल्लि

वैज्ञानिक

क्राइस्ट चर्च, न्युजिल्याण्डका १३ वर्षीय ओल्लि चलाख, प्रसिद्ध, खेलाडी स्वभावका छन् र उनलाई खगोल विज्ञान तथा रग्बी खेल मनपर्छ । उनको भूमिका भनेको हावापानीको स्वरुप, विभिन्न मौसम र पर्यावरणका बारेमा बुझ्नु हो ।

विपद् अनुभव : भूकम्प



## पिङ्ग

समन्वयकर्ता

हङकङकी १२ वर्षीय पिङ्ग व्यावहारिक, वाचाल तथा सिर्जनशील छिन् । उनी खाना पकाउन र उशु खेल्न मन पराउँछिन् । पिङ्ग कोप टोलीका लागि प्रवक्ता तथा समन्वयकर्ता दुवै हुन् ।

विपद् अनुभव : बाढी



## एड्डि

इन्जिनियर

बहिया, ब्राजिलका १२ वर्षीय एड्डि जिज्ञाशु, बुद्धिमान र शान्त स्वभावका छन् । उनी लेगो र हिउँ चिप्लेटी खेल्न मन पराउँछन् । घरहरुको सुरक्षामा ध्यान दिने एड्डि प्रतिभाशाली इन्जिनियर हुन् ।


विपद् अनुभव : पहिरो



## कोपको सङ्केत चिन्ह


एड्डि राम्रोसँग सुन्न सक्दैनन् त्यसैले कोप टोलीले बेला - बेलामा ब्राजिलको साङ्केतिक भाषा, लिब्रास प्रयोग गर्ने गर्छ। के तपाईंले पनि पहिरो, तयारी तथा सुरक्षाको चिन्ह फेला पार्न सक्नुहोला त ?

इमेइ पर्वतमा ग्रीष्म याममा असाध्यै गर्मी थियो ।
बडीगुरुमा फूले कोप टोलीलाई उशुका नयाँ चाल (फट्याङ्ग्रो जस्तो किरा अनि एउटा खुट्टाले उभिएको सुनौलो भाले कुखुराको जस्तै चाल) सिकाउँदै हुनुहुन्थ्यो ।




पिङ्ग, कस्तो राम्रो गऱ्यौ !

कोप टोली शीतलताका लागि खोलामा हाम्फाल्यो ।



बडीगुरुमा फूले दिउँसो समयको पाठका लागि कोप टोलीलाई बोलाउनु भयो ।




कोप टोली उनीहरुको नयाँ कार्यक्रम अन्तर्गत **पहिरोको** उच्च जोखिममा रहेको देश नेपालका लागि तयारी गर्दै थिए । सँगसँगै महत्त्वपूर्ण पाठ पनि सिक्दै थिए ।

भारी वर्षात्को बेला, **भिरालो जमिन भन्दा टाढा बस्नुपर्छ ।**


कोप, लौ भन त,
पहिरो आउनुअघि हामीले के गर्नुपर्छ ?
आपत्कालिन् झोला
तयारी अवस्थामा राख्नु पर्छ ।
पूरै परिवारलाई सुरक्षित स्थलसम्म
पुऱ्याउने योजना बनाउनु पर्छ ।


केही दिनयता कुन-कुन समयमा र कुन-कुन ठाउँमा पानी परेको थियो सूचना जम्मा गर्नुपर्छ । नजिकै भएका भिरालो जमिनका बारेमा थाहा पाउनु पर्छ ।
रुख भाँच्चिदै गरेको वा गड्याङ-गुडुङ आवाजहरु आइरहेको छ कि सुन्नु पर्छ ।
माथितिरबाट ढुङ्गाहरु खसिरहेका छन् वा जमिन फाटेको छ कि विचार पुऱ्याउनु पर्छ ।
पहिरोका यी पूर्व सङ्केत प्रति सतर्क रहनुपर्छ ।


अनि,
पहिरो गएको बेलामा नि ?
घरभित्रै भएको अवस्थामा ?
घरभित्रको खुल्ला भागमा जाने, भिरालो जमिनभन्दा सकेसम्म टाढा रहने ।
अनि पहिरोको हलचल नरोकिएसम्म पर्खिरहने ।


घर बाहिर भएको अवस्थामा नि
पहिरोदेखि टाढा खुल्ला स्थानतिर दौडने ।
भिरालो जमिनभन्दा टाढा रहने ।
कि त अग्लो स्थानमा पुग्ने, कि भने ओरालो झरेर
धेरै परको सम्म जमिनमा पुग्ने ।
रुख, बिजुलीका तार र
पोलभन्दा टाढै रहने ।
सुरक्षित स्थलसम्म पुग्ने आफ्नो
योजनालाई पालना गर्ने ।


अनि,
पहिरो पश्चात् ?
पहिरो गएको ठाउँबाट
टाढै रहने,
केही दिन पछिसम्म पनि
त्यहाँ पहिरो गइरहन सक्छ ।
सरकारको सूचना तथा उद्धार
सेवाका बारेमा सुन्ने ।


संयमित रहने ।





खोलानाला वा नदीका नजिक
गएर नखेल्ने ।





कोप, अब समय भयो प्रस्थानका लागि ।
गन्तव्य -
लमजुङ, नेपाल !!
भौं, भौं
भित्र जाऊ, सेन्स ।

अग्ला पहाड, टाढा-टाढाका गाउँ अनि खेतका गह्राहरु भएको लमजुङ रमणीय थियो ।



मुसलधारे पानी रोकिएर झलमल्ल घाम लागेको थियो ।
केटाकेटी बाहिर बाटोतिर दौडिए ।





कोप टोली नेपाली परिवारसँगै बसे । उनीहरुले रमाइलो मानी खाना खाए ।



उनीहरु राम्रोसँग सुते... गड्याङगुडुङ गरेको बेलामा बाहेक ।



उनीहरुलाई काठको पिङ खेल्दा रमाइलो लाग्यो ।



डोरी खेल...



अनि उनीहरुले चुङ्गी खेल्न पनि जाने ।



कोप टोलीले लमजुङका बालबालिकालाई आपत्कालिन झोलामा के-के राखी तयार गर्ने भन्ने बारेमा सिकाए ।




मैले त कानको मेसिनमा लाग्ने थप
एक जोर ब्याट्री पनि राख्न बिर्सिन्न नि ।
टर्च लाइट
मोबाइल फोन
सुख्खा खानेकुरा
कम्बल
पैसा
लुगा

कोप टोलीले २०७२ सालको भूकम्पपछि विपद्का लागि कसरी तयार रहने भन्ने बारेको विशेष कक्षाहरु सञ्चालन हुने गरेका विद्यालय तथा क्लबहरुको भ्रमण गर्‍यो ।



उनीहरुले सबै घरहरुमा गएर पहिरोको बेला गर्नुपर्ने कार्यहरु गरेर देखाए ।



लमजुङका सयौँ केटाकेटीहरु समुदायमा उत्कृष्ट भूमिका निर्वाह गर्दै कोप च्याम्पियन बने ।



# भिरालो ठाउँदेखि टाढा जानुहोस् ।



पानी परिरहेको थियो । नदी तथा खोलामा बाढी आएर पानी बस्तीतिर पसेको खबर आउन थालेको थियो । अकस्मात् रिसाएका हात्तीको बथानको आवाज जस्तै ठूलो आवाज सुनिन थाल्यो ।




भागौँ , भागौँ !



डाँडाबाट पहिरो झरिरहेको थियो । हिलो, ढुङ्गा, घाँसपात अनि रुख सबै एकैसाथ तल गाउँतिर झरिरहेका थिए ।



**१०० कि.मि. प्रतिघण्टाको गतिमा** मोटरसाइकल र ट्याक्टरलाई पनि दलदलमा पुर्दै पहिरो तीव्र गतिका साथ झरिरहेको थियो ।

कोप टोली आपत्कालिन झोला बोकेर पहिरोभन्दा टाढातिर भाग्यो ।

क्याण्डीले एउटा बैसाखी खुस्केकी केटीलाई सहयोग गरिन् ।
उनीहरुले एउटी वृद्ध महिलालाई स्ट्रेचरमा राखेर हिलेबाटो पार गराए ।




बिजुलीका तार, खम्बा र रुखबाट टाढै रहौं है !


कोप टोलीले सबै गाउँलेलाई पहिरोबाट टाढा खुल्ला स्थानमा लिएर गए ।
उनीहरु सबै त्यहाँ संयमतापूर्वक कुरिरहे ।



केही समय पश्चात् पहिरो रोकियो ।
अब भने सुरक्षित स्थानतर्फ जान सकिने भयो ।



एड्डिले सिटी बजाए ।
ढुङ्गामाटोले केही पुरिएको थियो ।
रेस्क्युले पनि माटो खन्न सहयोग गऱ्यो ।




उनीहरुले बाँदरको बच्चालाई बाहिर निकाले । बच्चा आमातिर फुत्रुक-फुत्रुक उफ्रँदै गएको देख्दा उनीहरु खुसी भए ।



कोप टोलीले दुई दाजुबहिनी, राज र गीतालाई भेटे। उनीहरुको परिवार पहिरोले गर्दा विस्थापित भएको थियो ।




हाम्रा बाआमाले भन्नुभएको - हामी चनाखो रहनु पर्छ रे, शौचालय जाँदा पनि ढोका राम्रोसँग लगाउनु पर्छ रे ! अनि नचिनेका मानिससँग कुरा गर्न हुँदैन रे !

राज र गीताजस्तै धेरै केटाकेटीहरु पालमा बसेका थिए ।



कोप टोलीले वरिपरीको हिलोमाटो सफा गर्‍यो । पालमा बसेकाहरुको लागि पानी, खानेकुरा, कपडा र कम्बल बाँड्यो अनि उनीहरुको मनोबल उच्च राख्ने कोसिस गर्‍यो ।



कोप टोलीलाई त त्यहाँबाट जानु नै थियो ।
अझ गाउँपालिकाको प्रमुख पनि उनीहरुलाई विदा गर्न आउनुभयो ।




विदा होऔँ है त !
हामी फेरि पनि आउँछौँ नि !

कोप एकेडेमीसम्मको उनीहरुको लामो यात्रा सहज रहेन ।



इमेइ पर्वतमा सकुशल अवतरण गर्नका लागि बादल घेरा पार गर्दै गर्दा उनीहरुले ढुक्क भई आँखा चिम्लिए ।



कोप किताबका लागि योगदान दिनेहरु :



## मार्था केस्विक

कोप लेखक

मार्था केस्विक द्विभाषीय म्याक्स एण्ड मेइ चित्रपुस्तक शृङ्खला, चीनका विख्यात व्यक्तिहरुसँग सम्बद्ध भ्फोङ्गुओ र मिन्ग्रेन तथ्यपुस्तक शृङ्खला र एक्शनले भरिपूर्ण पङ्गु कमिक्स् शृङ्खलाका प्रसिद्ध लेखक हुनुहुन्छ । केस्विक फाउण्डेशनका लागि मार्थाले गर्नुभएका सिर्जनात्मक कार्यहरुले प्राय: चीनमा विपद्सँग सम्बन्धित परियोजनाहरुलाई सहयोग गर्छन् ।

मार्था आफ्नो श्रीमान, ४ केटाकेटी र २ कुकुरहरुको साथमा हङकङमा बस्दै आईरहनु भएको छ ।



## मारिको जेस्सी

कोप चित्राङ्कनकर्ता

मारिको जेस्सीले सेन्ट्रल सेन्ट मार्टिन्स्मा अध्ययन गर्नुभएको थियो जहाँ पछि गएर उहाँ सह-अध्यापकका रुपमा कार्यरत रहनुभयो । उहाँ एक विशिष्ट चित्राङ्कनकर्ता हुनुहुन्छ र स्वतन्त्र रुपमा कार्य गर्न रुचाउनुहुन्छ । उहाँले विश्वका धेरै ठाउँमा चित्रपुस्तकदेखि सेरामिक्स्का लागि चित्र सिर्जना गर्दै आउनुभएको छ । मारिको टोकियोमा बस्नुहुन्छ जहाँ उहाँ भूकम्पका लागि जतिखेर पनि तयारी अवस्थामा रहनुहुन्छ ।



## तिमोथी सिम

कोप सम्पादक

परिवार चिकित्सामा विशेषज्ञता हासिल गर्नुभएको डा. तिमोथी सिमले सामाजिक कार्यकर्ताका रुपमा कार्य सुरु गर्नुभएको थियो । सन् २००८ को वेन्चुआनको भूकम्पबाट प्रभावित बालबालिका, उनीहरुको परिवार र समुदायका लागि कार्य गरे पश्चात् भने उहाँ चिनियाँ तथा अङ्ग्रेजी भाषामा थुप्रै किताबको सिर्जना गर्दै विपद्को जोखिम न्यूनीकरणमा केन्द्रित हुन थाल्नुभयो ।

डा. सिम हाल सिङ्गापुर युनिभर्सिटी अफ सोसल साइन्सेजमा प्राध्यापकका रुपमा कार्यरत हुनुहुन्छ ।



कोपले ज्ञान र सूचनाको उत्कृष्ट स्रोत प्रदान गरेको छ जसले सर्वसाधारणलाई पहिरोका बारेमा केही कुरा बुझ्न र त्यसबाट परिवारका सदस्यलाई बचाउनका लागि मदत गर्दछ ।

— **डा. एलिना म्यानेनकोभा**

डेपुटी सेक्रेटरी जनरल, वर्ल्ड मेटेरोलोजिकल अर्गनाइजेसन

हामीले विपद्को संभावना भएका विभिन्न राष्ट्रमा बालबालिकाको सशक्तिकरणका लागि कार्य गर्दै आएका छौँ, त्यसैकारण यस्तो उत्कृष्ट तथा प्रभावशाली शृङ्खलामार्फत जागरण फैलाउने कार्यमा कोपसँग सहकार्य गर्न पाउँदा हामी गौरवान्वित भएका छौं ।

— **एण्ड्र्यु मोल**

अध्यक्ष तथा कार्यकारी निर्देशक, वर्ल्ड भिजन

प्राकृतिक प्रकोपको त्रासमा रहेका विश्वभरिका बालबालिकाले आउँदो विपद्को पूर्वसूचनाका बारेमा र त्यसबाट व्यावहारिक रुपमा जोगिनका लागि कसरी सबल बन्ने भन्ने बारेमा जान्नु जरुरी छ ।

— **लरेन चाइल्ड**

बालसाहित्य पुस्तक लेखक

अति उत्तम ! सरल तथा सूचनात्मक विषयबस्तु र चित्रहरु । पात्रहरु जीवन्त छन्, र चित्र पनि पूर्ण छन् । यो पुस्तक लगायत यस शृङ्खलाका अन्य पुस्तकहरुले बालबालिकालाई विपद्का बारेमा बुझ्न तथा तयार रहनका लागि अध्ययन गर्ने गज्जबको बाटो प्रदान गरेको छ ।

— **सूर्यनारायण श्रेष्ठ**

कार्यकारी निर्देशक, नेशनल सोसाइटी फर अर्थक्वेक टेक्नोलोजी, नेपाल

कोप एकेडेमी, सिचुआन प्रान्त बडीगुरुमाको अधीनमा रही कोप टोलीले विपद् र यसका लागि कसरी तयार रहने भन्नेबारेमा गहन तालिम प्राप्त गरेको छ । उनीहरुको नेपालको पहिरो अभियानमा हामी पनि सामेल होऔँ जहाँ उनीहरुले जानेको विपद् न्यूनीकरणको सीपलाई व्यावहारिक रुपले प्रयोगमा ल्याएका छन् ।

कोप शीर्षकहरु

- भूकम्प
- बाढी
- चक्रवात
- हावा-हुरी
- पहिरो
- खडेरी
- सुनामी
- डढेलो
- लू
- ज्वालामुखी



COPE

Make the Difference. Be Ready!

www.cope-disaster-champions.com
COPEdisasterchampions